# परीक्षा सम्बन्धी आचारसंहिता

१. परीक्षा सुरु हुने निर्धारित समय भन्दा आधा घण्टा ढिलो गरि आउने विद्यार्थीलाई परीक्षा भवनमा प्रवेश दिइने छैन ।

२. परीक्षार्थीले केन्द्राध्यक्षको अनुमति विना आफ्नो सिट वा परीक्षा भवन छाड्न पाउने छैन ।

३. परीक्षार्थीले प्रश्नपत्र पाएको एक घण्टा भित्र परीक्षा कोठा छाड्नु हुदैन र परीक्षा कोठा छाड्दा उत्तरपुस्तिका केन्द्राध्यक्ष वा निरीक्षकलाई नै दिएर जानु पर्छ ।

४. कुनै परीक्षार्थीले केही सोध्न चाहेमा सुपरिटेण्डेण्ट वा निरीक्षकको ध्यान आकर्षित गर्नको निमित्त कुनै किसिमको हल्ला नगरी आफ्नो ठाउँवाट हात उठाउनु पर्दछ ।

५. परीक्षार्थीले परीक्षा भवनमा कुनै किसिमको पुस्तक, नोट, चीट इत्यादी लग्नु हुदैन ।

६. प्रश्नपत्र वा प्रवेशपत्रमा कुनै किसिमको सङ्केत वा अक्षरहरु लेख्नु हुदैन ।

७. परीक्षा भवनमा मोवाइल Ipad तथा Laptop लगायतका सामग्रीहरु लिएर जानु पाइने छैन ।

८. परीक्षामा आवश्यक पर्ने क्यालकुलेटर, रुलर, पेन्सिल, इरेजर, पेन्सिल कटर आदि सामानहरु आफ्नो लागि आफैले लिई आउनु पर्नेछ ।

९. परीक्षा दिँदा परीक्षार्थी आपसमा कुराकानी गर्नु हुदैन, त्यसो गरेमा निरीक्षकले त्यस्ता परीक्षार्थीलाई परीक्षा भवनवाट निष्काशन गर्न सक्नेछ ।

१०. परीक्षार्थीले एक पटक आफ्नो उत्तरपुस्तिका निरीक्षक वा केन्द्राध्यक्षलाई बुझाई परीक्षा कोठावाट बाहिर गईसकेपछि पुनः कुनै हालतमा पनि निजलाई परीक्षा भवनमा पस्न अनुमति दिइने छैन ।

११. कुनै किसिमको सरुवा रोग लागेको परीक्षार्थीलाई परीक्षा भवनमा बस्न दिइने छैन । परीक्षार्थीलाई निजको अवस्था हेरी छुट्टै ठाउँमा बस्ने व्यवस्था गर्न पनि सक्नेछ ।

१२. परीक्षार्थीले परीक्षामा चीट वा किताव वा अन्य कुनै माध्यमवाट नक्कल गरेको भेटिएमा सम्पूर्ण विषयको परीक्षा रद्द हुनेछ ।

१३. परीक्षार्थीले चीट वा किताव वा अन्य कुनै माध्यमवाट नक्कल गरिएको अवस्थामा निरीक्षकले उक्त कार्य गर्न रोक्दा परीक्षार्थीले निरीक्षकसँग अमर्यादित व्यवहार गरेमा उक्त परीक्षार्थीलाई अवस्था हेरी १ (एक) वर्ष देखि ३ (तीन) वर्ष सम्म परीक्षा दिनवाट बञ्चित गर्न सक्नेछ ।

१४. परीक्षार्थीले परीक्षा भवनमा अनैतिक कार्य गर्दा उसको सम्पूर्ण परीक्षा रद्द हुनेछ र रद्द भएको उत्तरपुस्तिकाहरु कुनै पनि परिस्थितिमा सदर हुने छैन ।

१५. परीक्षा नियन्त्रण कार्यालयले जारी गरेको परीक्षा प्रवेश पत्र प्रत्येक परीक्षार्थीले परीक्षा भवनमा आफ्नो साथमा राख्नुपर्नेछ । विना प्रवेश पत्र परीक्षार्थीलाई परीक्षामा बस्न दिइने छैन ।

१६. केन्द्राध्यक्ष, सहायक केन्द्राध्यक्ष, पर्यवेक्षक वा निरीक्षकले परीक्षा प्रवेश पत्र हेर्न चाहेमा अनिवार्य रुपमा देखाउनु पर्नेछ ।

१७. प्रवेश पत्रमा उल्लेखित विषयहरुमा मात्र परीक्षार्थीले परीक्षा दिनु पर्नेछ । प्रवेश पत्रमा उल्लेख नगरेको विषयमा जाँच दिएमा परीक्षाफल रद्ध गरिनेछ ।

१८. परीक्षार्थीले परीक्षा भवनमा तोकिएको सिटप्लान अनुसार आफ्नो स्थानमा बसी परीक्षा दिनुपर्नेछ।

१९. परीक्षार्थीले मूल उत्तर पुस्तिकाको मुख पृष्ठमा र परीक्षा प्रवेश पत्रमा उल्लेखित सम्पूर्ण बुँदाहरु राम्ररी पढ्नु र पालना गर्नुपर्नेछ ।

२०. परीक्षार्थीले थप उत्तर पुस्तिका प्रयोग गरेमा वा कलम मसी परिवर्तन गरेमा निरीक्षकबाट प्रमाणित गराउनु पर्नेछ ।

२१. परीक्षार्थीले आफू सम्मिलित हुनु पर्ने परीक्षामा आफू नै सम्मिलित हुनुपर्नेछ र अरुलाई सम्मिलित गराउनु हुँदैन । अरुलाई सम्मिलित गराएको प्रमाणित हुन आएमा परीक्षा वोर्डले विश्वविद्यालयको कुनै पनि परीक्षामा ३ (तिन) वर्ष सम्म सम्मिलित हुनबाट वञ्चित गर्न सक्नुको साथै फौजदारी अभियोगको कारवाही चलाउन स्थानीय प्रशासनलाई जिम्मा लगाइनेछ ।

२२. परीक्षार्थीले परीक्षा वोर्डले तोकेको भाषामा मात्र परीक्षा दिनु पर्नेछ ।

परीक्षा नियन्त्रक